संघीय संसद

राष्ट्रिय सभा

विधायन व्यवस्थापन समिति

प्रतिनिधि सभामा उत्पत्ति भएको

सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने विधेयक, २०७९ सम्बन्धी प्रतिवेदन

१. सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने विधेयक, २०७९ (यसपछि "विधेयक" भनिएको) को दफा २ ले थप्न प्रस्ताव गरेको दफा ३क. को उपदफा (२) को खण्ड (ज) मा रहेको "सम्बन्धी" भन्ने शब्दपछि "नियममा" भन्ने शब्द थप्ने।

२. विधेयकको दफा ४ को उपदफा (२) ले थप्न प्रस्ताव गरेको दफा २६ख. को,-

(१) उपदफा (२) मा रहेका "नेपाल सरकार वा प्रदेश सरकारको" भन्ने शब्दहरूको सट्टा "नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको" भन्ने शब्दहरू राख्ने।

(२) उपदफा (३) मा रहेका "आवश्यक सर्त तोकी" भन्ने शब्दहरूको सट्टा "तोकिए बमोजिमका सर्त उल्लेख गरी" भन्ने शब्दहरू राख्ने।

३. विधेयकको दफा ५ को उपदफा (४) ले थप्न प्रस्ताव गरेको दफा ४५ज. लाई संशोधन गरेको प्रतिनिधि सभा, कानून, न्याय तथा मानव अधिकार समितिको प्रतिवेदनको बुँदा ४ को उपबुँदा (४) को,-

(१) खण्ड (ख) मा रहेका "संवत् २०८१ साल" भन्ने शब्दहरूको सट्टा "संवत् २०८२ साल" भन्ने शब्दहरू राख्ने।

(२) खण्ड (ग) मा रहेका "संवत् २०८३ साल" भन्ने शब्दहरूको सट्टा "संवत् २०८५ साल" भन्ने शब्दहरू राख्ने।

४. विधेयकको दफा १७ को उपदफा (१) पछि देहायको उपदफा (२) थपी त्यसपछिको उपदफाक्रम मिलाउने:-

"(२) अनुसूची-१ को क्रमसङ्ख्या १ को खण्ड (क) को प्रकरण (४) मा रहेका "१२५ र १२६" भन्ने शब्दहरूको सट्टा "१२५, १२५क. र १२६" भन्ने शब्दहरू राखी प्रकरण (६) पछि देहायको प्रकरण (६क) थपिएको छ:-

"(६क) परिच्छेद ७क.""

(जयन्ती देवी राई)

सभापति

मिति: २०८०।११।१६

संघीय संसद नेपाल राष्ट्रिय सभा विधायन व्यवस्थापन समिति २०७५